Mail copy

प्रदेश सरकार
प्रदेश नं. ५

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बुटवल, नेपाल

पत्र संख्या:- २०७६/७७
चलानी नं.:- ९८८१

मिति:२०७७/०३/३०

विषयः- कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा।

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय
श्री सामाजिक विकास मन्त्रालय
श्री उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ५, बुटवल ।

उपरोक्त विषयमा निजामती सेवा नियमावली २०५० तथा स्वास्थ्य सेवा नियमावली, २०५५ ले प्रत्येक वर्ष श्रावण ७ गते भित्र सम्बन्धित कर्मचारीले आफ्नो कार्यसम्पादन मूल्याङ्कन फारम भरी सुपरिवेक्षक समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, आन्तरिक व्यवस्थापन शाखाको प.सं २०७६/७७ च.नं ३५ मिति २०७६/०४/०६ को पत्रबाट कर्मचारी समायोजन ऐन, २०७५ को दफा १५ को उपदफा (२) बमोजिम संघ, प्रदेश तथा स्थानीय तहका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी कानून नबनेसम्मको लागि समायोजन हुने कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्थाहरु समायोजन हुनुपूर्वको सेवा, शर्त र सुविधा बमोजिमनै हुनेछ भन्ने उल्लेख भए अनुसार समायोजन भएका कर्मचारीहरुले साविक बमोजिमकै ढाँचाको कार्यसम्पादन मूल्याङ्कन फाराम भरि सम्बन्धित मन्त्रालय/ आयोग/ सचिवालय/ विभाग/ निर्देशनालय/ कार्यालयमा दर्ता गराउने व्यवस्था मिलाउन अनुरोध भएको छ।

अतः तहाँ मन्त्रालय वा अन्तर्गतका सबै निकायहरुमा कार्यरत कर्मचारीहरुको आ.व २०७६/७७ को कार्यसम्पादन मूल्याङ्कन फाराम प्रचलित कानूनी प्रावधान बमोजिम तोकिएकै समयमा भर्ने व्यवस्था मिलाई तपशिल बमोजिम सुपरिवेक्षण, पुनरावलोकन र पुनरावलोकन समिति मूल्याङ्कनको लागि पेश गर्नुहुन आदेशानुसार अनुरोध छ ।

<u>तपशिलः</u>

infocmofficep5@gmail.com, 071-550610 facebook.com/ocmcm.p5 @Ocmcmp5

पत्र संख्या:- २०७६/७७
चलानी नं.:-

१. कार्यसम्पादन मूल्याङ्कनको लागि प्रचलित निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० र स्वास्थ्य सेवाका कर्मचारीहरुको हकमा स्वास्थ्य सेवा ऐन,२०५३ र नियमावली २०५५ ले गरेको व्यवस्थालाई अवलम्बन गर्ने।

२. यस प्रदेशमा समायोजन भएका सबै सेवा समूहका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गर्दा सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालय, आन्तरिक व्यवस्थापन शाखाको प.सं २०७६/७७ च.नं २०० मिति २०७६/०४/३० को पत्रबाट कार्यान्वयन गर्न भनी अनुरोध भई आएको नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७६/०४/१६ को निर्णय बमोजिम गर्ने। उक्त निर्णय यसैसाथ संलग्न छ।

३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, आन्तरिक व्यवस्थापन शाखाको प.सं ०७६/७७ च.नं १५४३ मिति २०७७/०३/२१ को पत्रबाट प्रदेशमा समायोजन भएका एघारौ तहका कर्मचारीहरुको का.स.मू को लागि सुपरिवेक्षक, पुनरावलोकन तथा पुनरावलोकन समिति सम्बन्धमा २०७६/०४/१६ को नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयको बुँदा नं ३.३ बमोजिमनै गर्ने तथा संघ तथा स्थानीय तहमा समायोजन भई हालसम्म पदस्थापन नभएका तथा प्रदेशमा कामकाजको लागि खटिएका सबै श्रेणी तथा तहमा कार्यरत सबै सेवा समूहका कर्मचारीहरुको का.स.मू को लागि सुपरिवेक्षक, पुनरावलोकनकर्ता तथा पुनरावलोकन समिति निजहरु कार्यरत रहेको कार्यलयमै दरवन्दी रहेको मानि आवश्यक कारबाही गर्ने भनी लेखी आएकोले सोही बमोजिम गर्ने।

४. कार्यसम्पादन मूल्याङ्कन फाराममा प्रयोग हुने कलर कोड साविक बमोजिमकै हुने।

०७७/०३/३०

कृष्णप्रसाद पराजुली
अधिकृत सातौं

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

( आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- ०७६/०७७

चलानी नं: 200

मितिः- २०७६/०४/३०

श्री प्रदेशका मन्त्रालय/आयोग/सचिवालय/निर्देशनालय/कार्यालय सबै

श्री स्थानीय तह सबै ।

विषयः- समायोजन भएका कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन सम्वन्धमा।

प्रस्तुत विषयमा स्थानीय तथा प्रदेश सरकारमा समायोजन भएका कर्मचारीहरुको कार्य सम्पादन मूल्याकन गर्ने सम्बन्धमा मिति २०७६/०४/१६ को नेपाल सरकार (मन्त्रिपरिषद्) को बैठकको निर्णयानुसार देहाय (अनुसूची -१ देखि अनुसूची -४) बमोजिम कार्यान्वयन हुन अनुरोध छ।

(जगत प्रसाद भुसाल)

शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखाः Website मा Upload गरिदिनु हुन ।

अनुसूची १

कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ट एवम् यथार्थपरक बनाई तोकिएको लक्ष्य हासिल गर्न सेवा, शर्तसंग सम्बन्धित कानूनी व्यवस्थाका अतिरिक्त देहायमा उल्लेखित बुदाहरु बमोजिम कार्य सम्पादन मूल्याङ्कन गर्ने/गराउने व्यवस्था मिलाउने ।

१.१ कार्य सम्पादन सम्झौता गरेका कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्दा सो सम्झौतामा उल्लेखित लक्ष्य र त्यसमा हासिल भएको प्रगति, कार्यालयको समग्र कार्य सम्पादनको स्तर तथा कार्य विवरणलाई आधार लिई कार्य सम्पादन मूल्याङ्कन गर्ने।

१.२ कार्य सम्पादन सम्झौता नगरिएको तर बार्षिक लक्ष्य तोकिएको हकमा उक्त निकायमा कार्यरत कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्दा निजको कार्य विवरण आ.व २०७५/७६ को लागि निर्धारित लक्ष्य र त्यसको प्रगति समेत कार्य सम्पादन मूल्याङ्कन गर्ने।

१.३ कार्य सम्पादन मूल्याङ्कन गर्दा सगठनको समग्र कार्य सम्पादनको अवस्था सेवा प्रवाहमा गरिएको सुधार, कुनै नवप्रवर्तनीय काम भएको भए सो को प्रगति, पूँजीगत खर्च लगायत स्वीकृत बार्षिक कार्यक्रम कार्यान्वयनको अवस्था, भौतिक उपलब्धि, बेरुजु फछ्र्यौट र वित्तीय अनुशासन तथा गत बर्षको तुलनामा हासिल भएको प्रगतिलाई समेत आधार लिने ।

१.४ कार्य सम्पादन मूल्याङ्कन गर्दा उल्लेखित विषयलाई आधार लिए नलिएको सम्बन्धमा सुपरिवेक्षकको मूल्याङ्कनलाई पुनरावलोकनकर्ता तथा पुनरावलोकनकर्ताको मूल्याङ्कनलाई पुनरावलोकन समिति वा सम्बन्धित माथिल्लो अधिकारीले अनुगमन गर्ने।

१.५ कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्दा निजामती सेवा नियमावली २०५० को नियम ७८ ग को उपनियम (३)को व्यवस्था बमोजिम गर्ने।

१.६ निजामती सेवा नियमावली, २०५० को नियम ७८ को उपनियम (४) अनुसारको पुनरावलोकन समितिबाट राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरुको कार्य सम्पादन मूल्याङ्कन गर्दा उपर्युक्त विषयवस्तुलाई आधार लिने।

यादवप्रसाद कोइराला
सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

अनुसूची-२

नेपाल स्वास्थ्य सेवा, नेपाल व्यवस्थापिका संसद सेवा र अन्य सरकारी सेवाबाट समायोजन भएका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गर्दा थप देहाय बमोजिम गर्ने

२.१ नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र व्यवस्थापिका संसद सचिवालय सम्बन्धी ऐन, २०६४ बमोजिम गठन भएका सरकारी सेवाका कर्मचारीहरु प्रदेश तथा स्थानीय सरकारमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुका कार्यसम्पादन मूल्याङ्कन फारामको ढाँचा र मूल्याङ्कन विधी साविक कै सेवा, शर्त र सुविधा सम्बन्धी कानूनी व्यवस्था बमोजिम हुनेछ । तर सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समिति यसै बमोजिम हुनेछ ।

२.२ स्थानीय स्वायत्त शासन ऐन, विकास समिति ऐन, विशेष ऐन लगायत अन्य ऐन बमोजिम नियुक्त भएका कर्मचारीहरुका कार्य सम्पादन मूल्याङ्कन फारामको ढाँचा र मूल्याङ्कन विधी समेत साविक कै सेवा, शर्त र सुविधा सम्बन्धी कानूनी व्यवस्था बमोजिम हुनेछ । तर सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समिति यसै बमोजिम हुनेछ ।

यादवप्रसाद कोइराला
सचिव

अनुसूची -३

प्रदेश तहमा समायोजन भएका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन देहाय बमोजिम गर्ने

प्रदेश तहमा समायोजन भएका सबै सेवा समूहका कर्मचारीहरुले प्रत्येक वर्ष श्रावण ७ गते भित्र ४ (चार) प्रति कार्य सम्पादन मूल्याङ्कन फाराम भरी सम्वन्धित मन्त्रालय, प्रदेश सभा सचिवालय, निर्देशनालय र कार्यालयमा दर्ता गरी सुपरिवेक्षक समक्ष पेश गर्ने।

३.१ प्रदेश स्तरका मन्त्रालय, प्रदेश सभा सचिवालय र प्रदेश अन्तर्गतका निर्देशनालय लगायतका कार्यालयहरुमा कार्यरत सहायकस्तर पाँचौं तहसम्मका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनका लागि

सम्वन्धित सचिव/निर्देशक/कार्यालय प्रमुखले तोकेको कम्तिमा अधिकृतस्तर सातौं तहको कर्मचारी- सुपरिवेक्षक

सम्वन्धित सचिव/निर्देशक/कार्यालय प्रमुखले तोकेको कम्तिमा अधिकृतस्तर आठौं तहको कर्मचारी- पुनरावलोकन कर्ता

पुनरावलोकन समिति देहाय बमोजिमको हुनेछ

सम्बन्धित सचिवले तोकेको अधिकृतस्तर नवौं तहको कर्मचारी वा सम्वन्धित निर्देशनालय/कार्यालय प्रमुख- अध्यक्ष

सम्बन्धित पुनरावलोकनकर्ता- सदस्य

सम्बन्धित सुपरिवेक्षक- सदस्य

३.२ प्रदेश स्तरका मन्त्रालय, प्रदेश सभा सचिवालय र प्रदेश अन्तर्गतका निर्देशनालय लगायतका कार्यालयहरुमा कार्यरत अधिकृतस्तर आठौं तहसम्मका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनका लागि

सम्बन्धित सचिव/निर्देशकले तोकेको कम्तिमा अधिकृतस्तर नवौं तहको कर्मचारी वा कार्यालय प्रमुख- सुपरिवेक्षक

सम्बन्धित सचिवले तोकेको कम्तिमा अधिकृतस्तर दशौं तहको कर्मचारी वा सम्वन्धित निर्देशनालयको निर्देशक वा कार्यालय प्रमुख- पुनरावलोकनकर्ता

पुनरावलोकन समिति देहाय बमोजिमको हुनेछ

सम्बन्धित प्रदेश स्तरका मन्त्रालय, प्रदेश सभा सचिवालयका राजपत्रांकित प्रथम श्रेणी/ एघारौं तहको प्रदेश सचिव- अध्यक्ष

सम्बन्धित पुनरावलोकनकर्ता- सदस्य

सम्बन्धित सुपरिवेक्षक- सदस्य

सम्बन्धित मन्त्रालय/सचिवालयको सचिव नभएको अवस्थामा प्रमुख सचिवले तोकेको प्रदेश स्तरीय अन्य मन्त्रालयको सचिवलाई पुनरावलोकन समितिको अध्यक्ष तोकनेछ । यसरी तोकिएको सचिवले सम्बन्धित सचिवले तोक्नु पर्ने सुपरिवेक्षक एवम् पुनरावलोकनकर्ता समेत तोक्नेछ ।

... कोइराला
सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

३.३ प्रदेश स्तरका मन्त्रालय, प्रदेश सभा सचिवालय र प्रदेश अन्तर्गतका निर्देशनालय लगायतका कार्यालयहरुमा कार्यरत अधिकृतस्तर नवौं /दशौं तहका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनका लागि सम्वन्धित मन्त्रालय/सचिवालयको राजपत्राङ्कित प्रथम श्रेणी/ अधिकृतस्तर एघारौं तहको सचिव-

सुपरिवेक्षक

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिवले तोकेको राजपत्रांकित प्रथम श्रेणी/अधिकृतस्तर एघारौंतहको सचिव-

पुनरावलोकनकर्ता

देहाय बमोजिम पुनरावलोकन समिति गठन गर्ने

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रमुख सचिव-

अध्यक्ष

मुख्यमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालयका प्रमुख सचिवले तोकेको राजपत्रांकित प्रथम श्रेणी/अधिकृतस्तर एघारौंतहको सचिव-

सदस्य

सम्वन्धित प्रदेश स्तरका मन्त्रालय, प्रदेश सभा सचिवालयका राजपत्रांकित प्रथम श्रेणी/अधिकृतस्तर एघारौं तहको प्रदेश सचिव-

सदस्य

सम्वन्धित प्रदेश स्तरका मन्त्रालय, प्रदेश सभा सचिवालयका राजपत्राङ्कित प्रथम श्रेणी/अधिकृतस्तर एघारौं तहको प्रदेश सचिव नभएको अवस्थामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिवले सुपरिवेक्षक तथा पुनरावलोकन समितिको सदस्य तोक्नु पर्नेछ ।

यसरी पुनरावलोकन समितिबाट मूल्याङ्कन गरिएका कार्य सम्पादन मूल्याङ्कन फारामहरु १/१ प्रति लोक सेवा आयोग, बढुवा समितिको सचिवालय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्ने छ र बाँकी एक प्रति फाराम सम्वन्धित कार्यालयमा राख्नु पर्नेछ ।

पुनश्च- सम्वन्धित प्रदेश प्रमुखको कार्यालय, प्रदेश स्तरका मन्त्रालय, प्रदेश सभा सचिवालयका राजपत्रांकित प्रथम श्रेणी/एघारौं तहका प्रदेश सचिवको कार्य सम्पादन मूल्याकनको सुपरिवेक्षक सम्वन्धित प्रदेशको प्रमुख सचिव हुनेछ । पुनरावलोकनकर्ता र पुनरावलोकन समितिको मूल्याकनका लागि नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

[illegible]प्रसाद कोइराला
सचिव